नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(**सामाजिक समावेशीकरण शाखा**)
सिंहदरबार , काठमाण्डौ,।

पत्रसंख्याः ०८३/८४ सा.स.च.नं. १०

मितिः २०८३।०४।१५
नेपाल संवत् ११४६

श्री स्थानीय तह(सबै)।

विषयः नीतिगत सिफारिस कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय महिला आयोगको प.सं. २०८३/८४, च.नं. २, मिति २०८३/४/१ को नीतिगत सिफारिस कार्यान्वयन विषयको पत्र मार्फत आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्था खुलाई पठाइदिनुहुन भनि लेखी आएकोले तहाँ स्थानीय तहसँग सम्बन्धित विषयहरु कार्यान्वयनको अवस्था खुलाई तीन (३) दिनभित्र जानकारी पठाई सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ। साथै, राष्ट्रिय महिला आयोगको उक्त पत्र तथा सिफारिसहरु यसै साथ संलग्न गरी पठाईएको छ।

(दिपेन्द्र पाण्डे)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः सबै स्थानीय तहलाई ईमेल गरिदिनुहुन ।

राष्ट्रिय महिला आयोग

National Women Commission

नारायणहिटि दरबार, काठमाडौं

Phone: +977-1-425670
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.nwc.gov.np

प.सं. ०८३/०८४
च.नं. २

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय २०८३/०४/०१
दर्ता नं.: ४५
मिति:

श्री भूमि, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः नीतिगत सिफारिस कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपालको संविधान २०७२को धारा २५३(१) बमोजिम महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरुको तर्जुमा गरी नेपाल सरकार समक्ष पेश गर्ने संवैधानिक व्यवस्था बमोजिम, आ.व. २०८२/८३ को नीतिगत सिफारिसको रुपमा, यस आयोगबाट तँहा मन्त्रिपरिषद कार्यालय, मन्त्रालय, आयोग र प्रदेशलाई गरिएका नीतिगत सिफारिसको छाँया सिफारिस विवरण (प्रतिलिपि) यसैसाथ संलग्न गरि पठाइएको छ। उक्त विषयहरुको कार्यान्वयन अवस्थाबारे आयोगको सिफारिसको प्रगति एवं प्रतिवेदनमा उल्लेख गर्नुपर्ने भएकोले सिफारिसमा भएका विषयवस्तुको समिक्षा, अनुगमन तथा मूल्याङ्कन एवं प्रभावकारी कार्यान्वयनको अवस्था खुलाई ७ (सात) दिन भित्र पठाइ सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

(सृष्टि पौडेल तिमिल्सिना)
कानून अधिकृत

सिफारिसको विवरण	सिफारिस गरिएको निकाय
• प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धि गर्दै स्थानीय तहसम्मको लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनको अध्ययन गर्ने, • सबै स्थानीय तहका न्यायिक समितिमा कानुनी परामर्शका लागि अनिवार्य रुपमा कानुन अधिकृतको व्यवस्था गर्ने/गराउने, • सबै स्थानीय तहलाई मानवीय, सामाजिक तथा विकासका कार्यक्रमहरु समानुपातिक रुपमा अघि बढाउन समन्वय र सहजीकरण गर्ने, • विभिन्न तहका नवप्रवेशी कर्मचारीहरुलाई लैङ्गिक हिंसा विरुद्ध तथा सामाजिक न्याय सहितको सभ्य व्यवहारका लागि सुरुमै अभिमुखीकरण गरी सम्बन्धित कार्यालय/निकायमा पठाउने, • जुनसुकै प्रकारबाट संगठनमा भित्रिएका महिला कर्मचारी तथा पुरुष कर्मचारीहरुलाई क्रमशः सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिमको तलबसहितको ९८ दिनको सुत्केरी विदा र पुरुषका लागि १५ दिनको सुत्केरी स्याहार विदाको अनिवार्य कार्यान्वयन गर्ने/गराउने, • लैङ्गिकता सम्बन्धि सरकारी तथ्य र जानकारीहरु, सूचना लगायतका अन्य सामग्रीहरु खण्डीकृत, समावेशी, पँहुचयोग्य बनाउने तथा स्थानीय तहका लागि निर्देश गर्ने, • सबै मातहत कार्यालयमा अपाङ्गता मैत्री अर्थात प्रयोगकर्तामैत्री सेवा पहुँचका लागि भौतिक पूर्वाधार सेवा प्रवाहका माध्यम र कर्मचारीको मैत्रीपूर्ण व्यवहार बनाउने तथा सबै कार्यालयलाई निर्देश गर्ने, • आत्महत्या न्यूनीकरण तथा मनोसामाजिक परामर्शका लागि स्थानीय तहमा अनिवार्य रुपमा मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गर्ने,	भूमि, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

• लैङ्गिक हिंसा निवारण कोष संचालन नियामावली, २०६७ को व्यवस्था अनुसार सबै प्रदेशमा हिंसा पीडित महिलाका लागि एकिकृत सेवा सहितको दिर्घकालिन पुनर्स्थापना केन्द्र तथा सबै जिल्ला तथा स्थानीय तहमा अल्पकालिन आवास केन्द्रहरु संचालन गरिने प्रावधान अनुसार व्यवस्थाका लागि समन्वय तथा सहजीकरण गर्ने र हालसम्म संचालनमा रहेको विवरण अद्यावधिक गर्ने।	

राष्ट्रिय महिला आयोग
नारायणहिटी, काठमाडौं